2nd September 2026 Wednesday

प्रमुख समाचारहरुबाट

- *प्रधानमन्त्री मोदीद्वारा स्वदेशी वस्तु प्रयोग गर्न आह्वान*
- जल शक्ति मन्त्रालयको विभागीय शिखर सम्मेलनलाई
- प्रधानमन्त्री मोदीले सम्बोधन गर्नु हुने
- ३.*भारत–अमेरिकाबीच महत्वपूर्ण खनिज र आर्थिक*
- *सहकार्यमा छलफल*
- तेन्जिङ नोर्गे राष्ट्रिय साहसिक पुरस्कार २०२४-को घोषणा

*प्रधानमन्त्री - स्वदेशी वस्तु*

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भारतीय नागरिकहरूलाई स्वदेशी वस्तुको प्रयोगलाई प्राथमिकता दिन तथा अनावश्यक रूपमा विदेशमा सुन किनमेल, गन्तव्य विवाह र मनोरञ्जनका लागि विदेश भ्रमण नगर्न आह्वान गर्नुभएको छ । एक भिडियो सन्देशमार्फत प्रधानमन्त्री मोदीले भारतले ७.८ प्रतिशत आर्थिक वृद्धि हासिल गरेकोमा देशवासीलाई बधाई दिनु हुँदै आत्मनिर्भरता प्रवर्द्धन गर्न र स्वदेशी उत्पादनलाई थप प्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो।

विश्वव्यापी अनिश्चितता, युद्ध, विभिन्न संकट तथा आपूर्ति शृङ्खलामा आएको अवरोध भएतापनि भारत तीव्र गतिमा अघि बढिरहेको उहाँले जानकारी दिनुभयो । सरकारका नीति र नियत सही दिशामा रहेको पनि उहाँले बताउनुभयो ।भारतमा पेट्रोलियम पदार्थपछि सुन दोस्रो ठूलो आयातित वस्तु रहेकोले ठूलो परिमाणमा हुने सुनको किनमेल घटाउन सके देशको समग्र आयात खर्चमा उल्लेखनीय कमी ल्याउन सकिने पनि बताउनु भयो ।

शिखर सम्मेलन- प्रधानमन्त्री

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा जल शक्ति मन्त्रालयद्वारा आयोजित विभागीय शिखर सम्मेलनको समापन सत्रलाई सम्बोधन गर्नुहुनेछ । दुईदिवसीय विभागीय शिखर सम्मेलन हिजोदेखि सुरु भएको हो। प्रधानमन्त्री मोदीको परिकल्पनाअनुसार 'टीम इन्डिया'को भावना सुदृढ गर्ने तथा सहकारी संघीयतालाई थप गहिरो बनाउने उद्देश्यले आयोजना गरिएको यो पहिलो विभागीय शिखर सम्मेलन हो। सम्मेलनमा केन्द्र र राज्य सरकारका प्रतिनिधिहरू एकै ठाउँमा भेला भई जल क्षेत्रका महत्वपूर्ण प्राथमिकताबारे छलफल गर्नुका साथै समय सीमासहितका कार्ययोजना तयार गरिरहेका छन्। सम्मेलनमा मुख्यतः चार क्षेत्रमा ध्यान केन्द्रित गरिएको छ—जल पूर्वाधार आयोजनाको समयमै कार्यान्वयन, 'जल सञ्चय जनभागीदारी–क्याच द रेन', खानेपानीका स्रोतको दिगोपन तथा जल जीवन मिशन २.०।

*भारत–अमेरिका*

भारत र अमेरिकाले महत्वपूर्ण खनिज तथा सुरक्षित आपूर्ति शृङ्खलाका क्षेत्रमा सहकार्य थप विस्तार गर्ने सहमति गरेका छन्। अमेरिकाको एशभिलमा जी–२० वित्तमन्त्री तथा केन्द्रीय बैंकका गभर्नरहरूको बैठकको अवसरमा वित्तमन्त्री निर्मला सीतारमण र अमेरिकी वित्तमन्त्री स्कट बेसन्टबीच भएको भेटवार्तामा यस विषयमा छलफल भएको हो। दुवै पक्षले आर्थिक तथा वित्तीय साझेदारीलाई थप सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गरेका छन्। सीतारमणले वर्षको अन्त्यमा हुने भारत–अमेरिका आर्थिक तथा वित्तीय

साझेदारी बैठकका लागि अमेरिकी वित्तमन्त्री बेसन्टलाई भारत भ्रमणको निम्तोसमेत दिनुभएको छ। यसैबीच, सीतारमणले अन्तर्राष्ट्रिय मुद्रा कोषकी प्रबन्ध निर्देशक क्रिस्टालिना जर्जिएभासँग पनि भेटवार्ता गर्नुभएको छ। भेटमा विश्वव्यापी आर्थिक अवस्था, भारतको आर्थिक विकास, समष्टिगत आर्थिक नीति र भारत–आईएमएफबीच निरन्तर सहकार्यबारे छलफल भएको छ। जर्जिएभाले भारतको बलियो आर्थिक प्रदर्शनको प्रशंसा गर्नुभएको थियो।

तेन्जिङ नोर्गे राष्ट्रिय पुरस्कार

भारत सरकारले तेन्जिङ नोर्गे राष्ट्रिय साहसिक पुरस्कार २०२४ को घोषणा गरेको छ। पुरस्कार प्राप्त गर्नेहरूमा भूमि साहसिक विधातर्फ बलजीत कौर र स्काल्जाङ रिजिन, जल साहसिक विधातर्फ रिमो साहा तथा जीवनकाल उपलब्धि विधातर्फ शिवप्रसाद चमोली रहेका छन् । प्रत्येक विजेतालाई प्रतिमा, प्रमाणपत्र र १५ लाख रुपियाँ प्रदान गरिनेछ। राष्ट्रिय छनोट समितिको सिफारिसका आधारमा विजेताहरू छनोट गरिएको हो। राष्ट्रपति द्रौपदी मुर्मुले राष्ट्रिय खेल पुरस्कार २०२५ सँगै यी पुरस्कार प्रदान गर्नुहुनेछ । समारोहको मिति पछि घोषणा गरिने जानकारी प्राप्त भएको छ।

*अमोनियम नाइट्रेट-अनलाइन बिक्रीमा -*

केन्द्रीय उपभोक्ता संरक्षण प्राधिकरणले अनिवार्य सुरक्षा उपायबिना अमोनियम नाइट्रेटको अनलाइन सूचीकरण तथा बिक्री गरेको भन्दै एक निजी कम्पनीलाई १० लाख रुपियाँको जरिमाना गरेको छ। प्राधिकरणका अनुसार प्लेटफर्ममा लाइसेन्स प्रमाणीकरण, ग्राहकको योग्यता जाँच तथा आवश्यक सुरक्षा जानकारीबिना अमोनियम नाइट्रेट बिक्रीकालागि राखिएको थियो। प्राधिकरणले कम्पनीलाई अमोनियम नाइट्रेट वा विस्फोटक पदार्थसम्बन्धी कानुनअन्तर्गत वर्गीकृत अन्य सामग्रीको सूचीकरण, विज्ञापन तथा बिक्री तत्काल रोक्न निर्देशन दिएको छ।

*नेपाल प्रधानमन्त्री- शाह*

नेपालका प्रधानमन्त्री श्री बालेन्द्र शाहले आज प्रतिनिधिसभामा अचानक आएको बाढबाट भएको क्षतिबारे जानकारी दिँदै संकट सामना गर्न दृढ संकल्प र साहस आवश्यक रहेको बताउनुभएको छ।

नेपाल–तिब्बत सीमाना नजिक हिमपात तथा चट्टान खस्दा गत महिना २६ तारिख आएको बाढले उत्तरी तथा मध्य नेपालका विभिन्न क्षेत्र प्रभावित भएका छन्। घटनामा १,१०० भन्दा बढीको मृत्यु भएको छ भने ४,८०० भन्दा बढी अझै बेपत्ता छन्। प्रधानमन्त्री शाहले रसुवा, नुवाकोट र धादिङसहित प्रभावित क्षेत्रको उद्धार तथा राहतका लागि सुरक्षा निकाय परिचालन गरिएको जानकारी दिनुभयो। सेनाका हेलिकप्टरमार्फत उद्धार तथा स्थानान्तरण भइरहेको छ भने घाइतेलाई निःशुल्क उपचार र विस्थापितलाई खाद्यान्न तथा आश्रयको व्यवस्था गरिएको छ। यसैबीच, भारतले नेपालमा जारी उद्धार तथा राहत अभियानमा सहयोगलाई निरन्तरता दिएको छ। भारतको पाँचौँ राहत तथा उद्धार विमान आज नेपाल पुगेको छ, जसमा विशेष सुरुङ उद्धार उपकरणसहित ११ सदस्यीय उद्धार टोली र ५.५ टन अत्यावश्यक औषधि रहेको छ।

ऊर्जा सुरक्षा-जितेन्द्र सिंह

विज्ञान तथा प्रविधिमन्त्री डा. जितेन्द्र सिंहले ऊर्जा सुरक्षा राष्ट्रिय सुरक्षा, रणनीतिक आत्मनिर्भरता र आर्थिक सुदृढतासँग अभिन्न रूपमा जोडिएको बताउनुभएको छ। नयाँ दिल्लीमा आयोजित छैटौँ अन्तर्राष्ट्रिय जलवायु सम्मेलन २०२६-लाई सम्बोधन गर्दै उहाँले आत्मनिर्भर, स्वदेशी, किफायती तथा प्रविधिमैत्री ऊर्जा क्षेत्रको विकासमा जोड दिनुभयो। मन्त्री सिंहले भारतको स्वच्छ ऊर्जा संक्रमणमा आणविक ऊर्जा, जैविक इन्धन र चक्रीय अर्थतन्त्रले महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो। बढ्दो ऊर्जा आवश्यकतालाई पूरा गर्न स्वदेशी तथा उन्नत प्रविधिको विकास र प्रयोगलाई तीव्र बनाउनुपर्ने उहाँको भनाइ थियो। उहाँले सरकार र निजी क्षेत्रबीच सहकार्य बढाउन पीएचडी चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्रीले सेतुको भूमिका निर्वाह गर्नुपर्ने बताउनुभयो।

*कारगिल-डाकघर पासपोर्ट सेवा*

लद्दाखमा विदेश तथा पर्यावरण, वन एवं जलवायु परिवर्तन राज्यमन्त्री कीर्ति वर्धन सिंहले आज कारगिलमा डाकघर पासपोर्ट सेवा केन्द्रको उद्घाटन गर्नुभएको छ। कार्यक्रममा लद्दाखका उपराज्यपाल विनय कुमार सक्सेनासमेत उपस्थित हुनुहुन्थ्यो।केन्द्रको उद्घाटनसँगै कारगिल तथा छेउछाउका क्षेत्रका नागरिकको लामो समयदेखिको पासपोर्ट सेवासम्बन्धी माग पूरा भएको छ। अब स्थानीयवासीले पासपोर्ट सेवा लिन लामो दूरी यात्रा गर्नुपर्ने बाध्यता हट्नेछ।

ज्योतिरादित्य सिन्धिया-हुलाक परियोजना

सञ्चार तथा उत्तरपूर्वी क्षेत्र विकासमन्त्री श्री ज्योतिरादित्य सिन्धियाले मध्य प्रदेशको शिवपुरीमा दुई महत्वपूर्ण हुलाक परियोजना शुभारम्भ गर्नुभएको छ। उहाँले हुलाक कार्यालय आधुनिकीकरण योजनाअन्तर्गत स्तरोन्नति गरिएको आधुनिक प्रधान हुलाक कार्यालयको उद्घाटन गर्नुभयो। यहाँ स्पीड पोस्ट, बचत बैंक, हुलाक जीवन बीमा, आधार, पार्सल तथा वित्तीय सेवा एउटै स्थानबाट उपलब्ध हुनेछन्।

ब्याडमिन्टन- चाइना मास्टर्स

ब्याडमिन्टनमा भारतका किदाम्बी श्रीकान्त र तान्वी शर्माले चीन मास्टर्स सुपर ७५० प्रतियोगिताको एकलतर्फ दोस्रो चरणमा प्रवेश गरेका छन्। श्रीकान्तले चाइनिज ताइपेईका ची यू जेनलाई २१–१६, २१–१५ ले पराजित गरे भने तान्वीले डेनमार्ककी अमाली शुल्जलाई २१–१६, २१–१७ ले हराइन्। यसैगरी, पुरुष डबल्समा सात्विक साईराजरंकी रेड्डी–चिराग शेट्टी तथा मिक्स्ड डबल्समा ध्रुव कपिला–तनिषा क्रास्टोको जोडी पनि दोस्रो चरणमा पुगेको छ।

तर, भारतका लक्ष्य सेन भने क्यानडाका भिक्टर लाइसँग १४–२१, ७–२१ ले पराजित हुँदै प्रतियोगिताबाट बाहिरिएका छन्।

*प्रमुख समाचार पुनः एक पटकः*

- *प्रधानमन्त्री मोदीद्वारा स्वदेशी वस्तु प्रयोग गर्न आह्वान*
- जल शक्ति मन्त्रालयको विभागीय शिखर सम्मेलनलाई
- प्रधानमन्त्री मोदीले सम्बोधन गर्ने
- ३.*भारत–अमेरिकाबीच महत्वपूर्ण खनिज र आर्थिक*
- *सहकार्यमा छलफल*
- तेन्जिङ नोर्गे राष्ट्रिय साहसिक पुरस्कार २०२४ घोषणा